# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

प.सं.: २०८३।०८४
च.नं.:

गण्डकी प्रदेश, नेपाल

## कवाडी कर तथा पार्किङ शुल्क संकलनको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

***प्रथम पटक प्रकाशित मिति: २०८३।०४।०५***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आ.व. २०८३।८४ का लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कवाडी कर संकलन गर्न र वडा नं. ८, कालिपुल स्थित बसपार्क क्षेत्रमा पार्किङ्ग शुल्क तथा कर संकलन गर्न स्थानीय राजस्व परामर्श समितिको सिफारिस तथा बेनी नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम तोकिएको दररेट अनुसार ठेक्का बन्दोबस्त भएकोले प्रचलित कानून बमोजिम योग्यता पुगेका इच्छुक व्यक्ति, फर्म तथा कम्पनीले निम्न शर्तको अधीनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन आव्हान गरिन्छ।

१) यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन (मिति २०८३/०४/११ गते) सम्म कार्यालय समयभित्र अद्यावधिक/नवीकरण गरेको फर्म वा व्यवसाय दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र र आ.व. २०८१।८२ सम्मको कर चुक्ता प्रमाणपत्र सहित रु १,००० (अक्षरुपी एक हजार रुपैयाँ मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेस गरे पश्चात् यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।

२) दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८३।०४।१२ गते) को १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नुपर्नेछ। यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन (८ औं दिन) को दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३) दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४) दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नु पर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

५) दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्र स्वीकृत गरिनेछ।

६) दरभाउपत्रदाताले आफूले पेस गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर र अग्रीम आय कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर र अग्रीम आयकर बाहेकको रकम कबुल गरेको मानिनेछ।

७) दरभाउपत्रसाथ आफूले कबोल गरेको अङ्कको कम्तिमा ५ (पाँच) प्रतिशतले हुने जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ०६३०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिनसम्म मान्य अवधि भएको ग्यारेन्टी पेस गर्नुपर्नेछ।

८) रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन। साथै बिगत वर्षहरुमा ठेक्का लिई बेनी नगरपालिकालाई राजस्व बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाइने छैन।

९) यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र बेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९, आर्थिक ऐन, २०८३ र बेनी नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१०) दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेस गर्दा प्रत्येक दरभाउपत्र नं. अनुसारको फरक फरक पेस गर्नुपर्नेछ। दरभाउपत्र स्वीकृत गर्दा समेत छुट्टाछुट्टै स्वीकृत गरिनेछ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२० फ्याक्स नं. ०६९-५२१०९५ वेबसाइट: www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुक:www.facebook.com/beninagarpalika

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०८३।०८४
च.नं.:

११) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस नगरपालिकामा सम्पर्क राख्न सकिनेछ। (सम्पर्क मोबाइल नं.: ९८५७०४७१११, ९८४७६२१६९२)

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | न्यूनतम अंक (मू.अ.क. बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८३।०८४ | डम्पिङ्ग साइट बाहेकको कवाडी कर (पुन: प्रयोग तथा पुन: प्रशोधन हुने सामानहरु बेनी नगरपालिकाबाट बाहिर निकासी हुँदा) | रु १३,५०,०००।०० (अक्षरुपी तेह्र लाख पचास हजार रुपैयाँ मात्र) | एक हजार रुपैयाँ |
| २ | २/२०८३।०८४ | बेनी नगरपालिकाको वडा नं. ८ स्थित कालिपुल बसपार्क क्षेत्र (पर्वत र म्याग्दी जोड्ने पक्की पुल देखि डल्लेपिपल सम्म दायाँ बायाँ) मा पार्किङ्ग शुल्क व्यवस्थापन | रु १५,०५,०००।०० (अक्षरुपी पन्ध्र लाख पाँच हजार रुपैयाँ मात्र) | एक हजार रुपैयाँ |

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२० फ्याक्स नं. ०६९-५२१०९५ वेबसाइट: www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुक:www.facebook.com/beninagarpalika